आज मिति २०७६ असार १ गते आईतबारको दिन बिहानको ७:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७४ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री लक्ष्मी भण्डारी | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १६. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १७. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १८. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| १९. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

२. लेखा अधिकृत श्री गणेश गुरुङ

३. अधिकृत सातौं श्री नुमानन्द दमासे

मिति २०७६/२/३१ गते नगर प्रमुखज्यूबाट मिति २०७६/३/१ गते नगर कार्यपालिकाको ७४ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरु माथि छलफल गरि निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | फुटवेयर जोन पहुँच मार्ग निर्माण सम्बन्धमा । | | • बाग्मती कोरीडोरबाट फुटवेयर जोन स्थापना हुने नगरपालिका फर्पिङ भिमसेन स्थान वडा नं ६ र ७ हाल दक्षिणकाली न.पा. ७ स्थित युँटिकीसम्म निर्माण हुने पहुँच मार्ग निर्माणका लागी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र दक्षिणकाली नगरपालिका बिच भएको मिति २०७६/१/१२ को सम्झौता अनुसार उद्योग मन्त्रालयबाट रु. ३ करोड प्राप्त भएपछि उक्त पहुँच मागको डि.पि.आर. तयार गरी प्राप्त प्रतिवेदन अनुसार रु. ३९,१९,९३,८९५।– (उनान्चालिस करोड उन्नाईस लाख त्रियान्नब्बे हजार आठ सय पन्चानब्बे) को लागत अनुमान सहित विस्तृत प्रतिवेदन प्राप्त भएको हुँदा उद्योग मन्त्रालयबाट प्राप्त रकमबाट टेन्डर प्रक्रियाबाट अघि बढ्दा चालु आ.ब.मा खर्च गर्न समस्या भएको हुँदा उक्त आयोजनालाई बहुबर्षिय आयोजनामा लैजान अर्थ मन्त्रालयलाई अनुरोध गर्ने साथै उक्त आयोजनालाई विनियोजित बाँकी रकम रु. २ करोड यस नगरपालिकालाई निकासाका लागी अनुरोध गरि उक्त आयोजनाको लागी विनियोजित जम्मा रु ५ करोड चालु आ.ब.मा खर्च हुन नसकेको हुँदा फ्रिज हुन नदिन उद्योग मन्त्रालयलाई अनुरोध गर्ने ।साथै निर्माण कार्यको लागी डि.पि.आर.लाई आधार मानी बोलपत्र आह्वान गर्ने । |
| २. | विद्यालय भवन निर्माण सम्बन्धमा । | | • यस नगरपालिका अन्तर्गत वडा नं १ च.नं. १४५९ मिति २०७६/२/२९ को पत्रानुसार श्री चम्पादेवी माध्यमिक विद्यालयको हाल संचालनमा रहेको विद्यालय भवन वि.सं २०७२ बैशाख १२ र २९ गते गएको भुकम्पले जिर्ण अवस्थामा पुगेको कारण विद्यार्थीहरुलाई लामो समयसम्म उक्त भवनमा अध्यापन गर्न जोखिम पूर्ण हुन जाने हुनाले यस विद्यालयको भवन संरचना नयाँ तरिकाले निर्माण गर्न जग्गा उपलब्ध भएको खण्डमा जिल्ला शिक्षा कार्यालय हाल शिक्षा तथा समन्वय ईकाई काठमाडौबाट विद्यालय भवन निर्माण गर्न रकम निकासा हुने भएको हुँदा यस द.न.पा. १ स्थित बोसनमा रहेको विद्यालयले पहिलेदेखि नै भोगचलन गर्दै आएको साविक चाल्नाखेल गा.वि.स. वडा नं १/क कि.नं. ३९ को पर्ति जग्गामा नयाँ भवन निर्माण गर्न उपयुक्त हुने भनी विद्यालय व्यवस्थापनबाट निर्णय भई आएकोले उक्त पर्ति जग्गा विद्यालयलाई उपलब्ध गराई पाउनको लागी जिल्ला आयोजना कार्यान्वयन ईकाई शिक्षा काठमाडौको लागी सिफारिस गरिदिनु हुन वडा कार्यालयबाट |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं ३ नं.प्रदेश, नेपाल २०७३

घनश्याम न्यौपाने प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | अनुरोध भई आएकोमा विद्यालय भवन निर्माण गर्न सिफारिस दिने । |
| ३. | बेरोजगारहरुको सूचिकृत गर्ने सम्बन्धमा । | | • यस नगरपालिकाको रोजगार सेवा केन्द्र र वडा कार्यालयहरु मार्फत सूचना प्रकाशित भई २०७६ बैशाख महिनासम्म प्राप्त १३९ वटा बेरोजगार व्यक्तिहरुको निवेदन उपर छानविन गरि उचित ठहरिएका निवेदकहरुलाई बेरोजगारको सूचिमा सूचिकृत गर्न यस नगरपालिकालाई जिम्मेवारी दिने । |
| ४. | केबलकार निर्माण तथा संचालन अनुमति सम्बन्धमा । | | • इको हिल (Eco-Hills) प्रा.लि. नामक कम्पनीले यस नगरपालिकाको वडा नं. ९ क्षेत्रलाई आधार मानी यस कार्यालयमा दर्ता नं. ३४४२, मिति २०७६/०२/१२ मा केबलकार सञ्चालन अनुमति पाउँ भनि निवेदन प्राप्त भएको र वडा नं. ९ को च.नं. १०७६, मिति २०७६/०२/१२ गतेको पत्रबाट वडा नं. ९ को खार्पा देखी भष्मासुर डाँडा (बाणासुर डाँडा) सम्म केबलकार निर्माण गरि सञ्चालन गर्नको लागी इको हिल्स प्रा.लि.ले EIA प्रकृया अगाडी बढाई केबलकार सञ्चालन गर्नको लागी अनुमति प्रदान गर्न सिफारिस भएको र आर्थिक ऐन २०७५ मा तोकिए बमोजिमको केबलकार सञ्चालन अनुमतिका लागी यस नगरपालिकामा रु. ८,००,०००।- (आठ लाख) समेत राजश्व रसिद नं. ०००४७०३ बाट दाखिला भएको हुदाँ उक्त इको हिल (Eco-Hills) प्रा.लि.ले वातावरण प्रभाव मुल्याङ्कन EIA/IEE स्वीकृत गराई केबलकार सञ्चालनका लागी पुरा गर्नु पर्ने सम्पूर्ण कानुनी प्रकृया पुरा गरी मिति २०७६/०३/०१ गते देखी २०७९/०२/३० सम्म (३ वर्ष) का लागी निम्नानुसार भौगोलिक सिमाना (अक्षांश र देशान्तर) रहने गरि केबलकार सञ्चालन गर्न प्रारम्भिक निर्माण अनुमति पत्र दिने ।<br><br>भौगोलिक सिमाना (अक्षांश र देशान्तर)<br><br>दक्षिण - २७'.३८'-००'.८१"<br><br>उत्तर - २७'.१४'-१७'.८१"<br><br>पूर्व - ८५'.१४'-१७'.२७"<br><br>पश्चिम - ८५'.१३'-१२'.०७" |
| ५. | नियमावली एवं कार्यविधि सम्बन्धमा । | | • आर्थिक विकास समिति र विद्यायन समितिबाट पेश भएको दक्षिणकाली नगरपालिकाको सहकारी नियमावली, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।<br>• दक्षिणकाली नगरपालिका करारमा कर्मचारी भर्ना कार्यविधि, २०७६ को मस्यौदा कार्यपालिका सदस्यहरुबाट |

| | | | |
|---|---|---|---|
| | | | अध्ययन गरि सुझाव सहित पेश गरी आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने ।<br>• बजार अनुगमन निर्देशिका, २०७६ को मस्यौदा कार्यपालिका सदस्यहरुबाट अध्ययन गरि सुझाव सहित पेश गरी आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने ।<br>• दक्षिणकाली नगरपालिका आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) कार्यविधि २०७६ स्वीकृत गरियो । |
| ६. | ठेक्काबन्दोबस्ती सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिका क्षेत्र भित्र ढुङ्गा, गिटी, बालुवा, ग्रावेल र माटो लगायतको स्रोत संकलन तथा बिक्री शुल्क उठाउन गत आ.ब.को कबोल ठेक्का रकम रु. ३ करोड ६० लाख (भ्याट बाहेक) लाई आधार मानी न्युनतम ठेक्का रकम कायम गरी आर्थिक बर्ष २०७६/०७७ को लागी ठेक्काबन्दोबस्ती सम्बन्धि बोलपत्र आह्वान गर्ने ।<br>• दक्षिणकाली नगरपालिका वडा नं ३ स्थित नव निर्मित नानीबाबु स्मृती भवनको ६ वटा सटर भाडामा लगाउन ठेक्काबन्दोबस्ती दरभाउ पत्र आह्वान गर्ने । |
| ७. | प्रदुषण (मुल सडकको धुलो) व्यवस्थापन सम्बन्धमा । | | • दक्षिणकाली न.पा. ४ स्थित बाँसबारी देखि दक्षिणकाली न.पा. ३, ५, ६, ७ र फर्पिङ बसपार्क हुँदै वडा नं ९ टल्कु हुमानेसम्म र दक्षिणकाली गेट हुँदै दक्षिणकाली न.पा. ८, छैमलेसम्म मुल सडक जिर्ण भएकोले उक्त बाटोमा चल्ने सवारीसाधनबाट उड्ने धुलोको कारणबाट नगरबासीलाई पर्न गएको असर न्यूनिकरण गर्न नगरप्रमुख ज्यूको अध्यक्षतामा बसेको सर्वपक्षिय भेलाको सहमति र मिति २०७६/२/१२ गते बसेको राजस्व परामर्श समितिको बैठकको निर्णयानुसार सवारीसाधनहरुबाट स्थानीय वातावरण शुल्क तपसिल बमोजिम प्रस्ताव गरी सो उठेको रकमबाट सडकमा ट्याङ्करबाट पानी हाल्ने, सहयोग शुल्क संकलन गर्ने र उक्त रकमको मासिक रुपमा नगरपालिकालाई विवरण पेश गर्ने गरि हाललाई असार मसान्तसम्मका लागी धुलो नियन्त्रण गर्न सम्बन्धित वडाको प्रतिनिधित्व हुने गरी धुलो व्यवस्थापन गर्ने समिति गठन गर्ने । |

**तपसिल**

| क.सं | सवारी साधन | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | टाटा सुमो | २५।- | दिनमा १ पटक मात्र |
| २ | मिनी टाटा | ५०।- | दिनमा १ पटक मात्र |
| ३ | सानो टिपर | ७५।- | दिनमा १ पटक मात्र |
| ४ | ठुलो टिपर | १००।- | दिनमा १ पटक मात्र |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं ३ नं.प्रदेश, नेपाल २०७३

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८. | विविध | | • यस नगरपालिका भित्रको कच्चि एवं नगरस्तरीय बाटोहरु बर्षाको समयमा पानी जम्मा भई नगरवासी, विद्यार्थी र पैदलयात्रीहरुका लागी प्रत्येक्ष असर गर्ने हुँदा उक्त खाल्डा खुल्डी पुर्ने आवश्यक ट्रिपर भाडमा लिई ग्रावेल गर्ने ।<br>• चालु आ.ब.को लागी स्वीकृत आयोजना तथा कार्यक्रमको सम्झौता अवधि जेष्ठ मसान्त भएको हुँदा उक्त आयोजना तथा कार्यक्रमको अन्तिम किस्ता भुक्तानीको लागी मिति २०७६/३/१५ गतेसम्म म्याद थप गर्ने ।<br>• श्री घ्याम्पादेवी आधारभुत विद्यालयको नाममा विनियोजित भएको आयोजना तथा कार्यहरु सम्झौता गर्ने ।<br>• **निम्नानुसारको आयोजना तथा कार्यक्रमका लागि उपयुक्त शिर्षकबाट विनियोजन गर्ने**<br>१) मनमोहन स्मृति सामुदायिक अस्पताल रु ४ लाख ।<br>२) दक्षिणकाली मन्दिरको पुजा सामग्री राख्ने भवन जिर्णोद्धार रु ५ लाख ।<br>३) द.न.पा – ३ कृष्ण मन्दिर बाजा लगायत सामग्री खरिद रु १ लाख ।<br>४) नाईटेखोल्सा ढल व्यवस्थापन तथा निर्माण रु ४ लाख ।<br>५) द.न.पा – ७ वडा कार्यालय शौचालय निर्माण रु २ लाख ।<br>६) स्वच्छन्द भैरव मन्दिर जिर्णोद्धार द.न.पा – ५ रु ३ लाख ।<br>७) भोर्ले खोला कलभर्ट निर्माण गर्न ल.ई. गरी खानीवालासँग ५०/५० को योजना निर्माण कार्य गर्ने । |

प्रतिलिपी प्रमाणित

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
३ नं.प्रदेश, नेपाल
२०७३

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत